

# ३ मानव स्वभावामा बुझ्ने शक्ति

<u>यस अध्यायको मूल पदहरूः</u> उत्पत्ति १:२४-२७, उत्पत्ति २:७,१९, मत्ती १०:२८, उपदेशक १२:१-७, १ राजा २:१० र १ राजा २२:४०।

<u>यस अध्यायको मूल सार पदः</u> **"तब परमप्रभु परमेश्वरले भूमिको माटोबाट मानिस बनाउनुभयो, र तिनको नाकमा जीवनको सास फुकिदिनुभयो, र मानिस जीवित प्राणी भए।" उत्पत्ति २:७।**

"तिमी मर्नेछौ" (उत्पत्ति २:१६,१७) भन्ने परमप्रभुको वचन र "तिमी मर्ने नै छैनौ" (उत्पत्ति ३:४) भन्ने सैतानको प्रतिवाद केवल अदनको बगैंचामामात्र सिमित भएको थिएन। परमप्रभुको त्यो वचन र सैतानले उहाँको कुरा काट्ने विषय इतिहासभरि ओगटेको छ।

कतिपय मानिसहरूले सैतानका वचनहरू परमप्रभुका वचनहरूसँग तालमेल गर्न खोज्दछन्। "तिमी मर्नेछौ" भन्ने चेतावनीको अर्थ भौतिक शरीरको मृत्यु मात्र हो, तर "तिमी मर्नेछैनौ" भन्नुको अर्थ अमर आत्मा वा हंसलाई इङ्गित गरेको हो भनेर तिनीहरूले जिकिर गर्दछन्।

तर यो धारणाले काम गर्दैन। के परमप्रभुको वचन र सैतानसँग मिलाउन सकिन्छ र? के भौतिक शरीर मरेपछि अभौतिक वा शरीरबिना तत्व आत्मा, प्राण वा हंस चेतनामूलक भएर बाँच्न सकिन्छ र? धेरै धार्मिक, दार्सनिक र वैज्ञानिकहरूले यी प्रश्नहरूको जवाफ दिन खोजिरहेका छन्। तर हामी बाइबलमा आधारित येशूभक्त भएको कारणले केवल हामीलाई सृष्टि गर्नुहुने सर्वशक्तिमान परमप्रभुलाई मात्र हाम्रो बारेमा पूरा जानकारी हुन्छ भनेर स्वीकार गर्नुपर्छ (भजन १३९ पढ्नुहोस्)। त्यसकारण ती निर्णायक प्रश्नहरूको जवाफ केवल बाइबलमामात्र छ भनेर हामीले जिकिर गर्नु जरुरी छ।

पुरानो करारमा मानिसको स्वभाव कसरी वर्णन गरिएको छ र मानिस मरेपछि उसको अवस्था कस्तो हुन्छ  भन्ने पुरानो करारको शिक्षालाई यस अध्यायमा हामी नियाल्ने छौं।

## १. "जीवित प्राणी"

**उत्पत्ति १:२४-२७ र उत्पत्त २:७, १९मा परमप्रभुले जन्तुजनावर र मानिसको सृष्टिमा के समानता र भिन्नता छ? उत्पत्ति २:७ले बताएको अनुसार मानिसको स्वभाव वा स्वरूपको बारेमा हामीलाई के भन्छ? हेर्नुहोस्, "अनि परमेश्वरले भन्नुभयो, "पृथ्वीले जात-जातका जीवित प्राणीहरू, अर्थात् जात-जातका पालिने पशुहरू, घस्रने जन्तुहरू र जात-जातका वन-पशुहरू उत्पन्न गरोस्। तब त्यस्तै भयो। परमेश्वरले पृथ्वीका जात-जातका वन-पशुहरू, जात-जातका पालिने पशुहरू र जमिनमा घस्रने जात-जातका जन्तुहरू बनाउनुभयो। र परमेश्वरले हेर्नुभयो, त्यो असल थियो। फेरि परमेश्वरले भन्नुभयो, "मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं। तिनीहरूले समुद्रका माछाहरू, आकाशका पन्क्षीहरू, पालिने पशुहरू र जमिनमा चलहल गर्ने सबै जन्तुहरूमाथि अधिकार गरून्।" यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो।**

**परमेश्वरकै प्रतिरूपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो। नर र नारी नै गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो।" उत्पत्ति १:२४-२७ र "तब परमप्रभु परमेश्वरले भूमिको माटोबाट मानिस बनाउनुभयो, र तिनको नाकमा जीवनको सास फुकिदिनुभयो, र मानिस जीवित प्राणी भए।...परमप्रभुले सबै वन-पशु र आकाशका सबै पन्क्षी लाई भूमिबाट बनाएर मानिसले तिनीहरूको के-के नाउँ राख्दो रहेछ भनी हेर्न तिनीहरूलाई मानिसकहाँ ल्याउनुभयो। र मानिसले हरेक प्राणीलाई जे-जे नाउँ दिए त्यही-त्यही नै त्यसको नाउँ भयो।" उत्पत्ति २:७, १९।**

सृष्टिको छैठौं दिनमा भूमिमा पशुहरू र प्रथम् मानव प्राणी वा दम्पत्ति सृष्टि गर्नुभएर तिनीहरूलाई जीवित बनाइएको थियो भनेर उत्पत्तिको विवरणले घोषणा गर्दछ (उत्पत्ति १:२४-२७)। हामीलाई यो बताइएको छ कि "परमप्रभुले सबै वन-पशु र आकाशका सबै पन्क्षी लाई भूमिबाट बनाएर मानिसले तिनीहरूको के-के नाउँ राख्दो रहेछ भनी हेर्न तिनीहरूलाई मानिसकहाँ ल्याउनुभयो। र मानिसले हरेक प्राणीलाई जे-जे नाउँ दिए त्यही-

त्यही नै त्यसको नाउँ भयो।" उत्पत्ति २:१९। उहाँले "तब परमप्रभु परमेश्वरले भूमिको माटोबाट मानिस बनाउनुभयो।" उत्पत्ति २:७।

दुबै पशुपंक्षीहरू र मानिसलाई भूमिकै माटोबाट बनाइएको भएपनि मानिसको सृष्टि वा बनावटमा पशुहरूभन्दा विशेष फरक थियो। पहिलो त उहाँले मानिसलाई आफ्ने स्वरूपमा आकार दिनुभयो र "तिनको नाकमा जीवनको सास फुकिदिनुभयो, र मानिस जीवित प्राणी भए।" उत्पत्ति २:७। उनी जीवित हुनुभन्दा अघि नै शारीरिक तत्व थियो। दोस्रोमा, दुवै नर र नारी मानव प्राणी परमप्रभुकै स्वरूमा वा त्रीएक परमप्रभुको प्रतिरूपमा बनाइएको थियो। उत्पत्ति १:२६,२७।

आदमको भौतिक शरीरको नाकमा जीवनको सास फुकिदिँदा उनी जीवित प्राणीमा रूपान्तर वा परिवर्तन भयो भनेर उत्पत्ति २:७ले व्याख्या गर्दछ। हिब्रू भाषामा त्यसले नेफेश च्यायाह Nephesh chyaay भनिन्छ। त्यसको अक्षरस अर्थ हो जीवित प्राणी वा आत्मा" हो। त्यसको अर्थ शरीरबिना हामी कुनैमा पनि प्राण वा आत्मा अलग भएर बस्दैन। बरू हामी प्रत्येक जीवित आत्मा वा जीवित प्राणी हौं। मानिसको भौतिक शरीरबाट अलग भएर उसको आत्मा, प्राण, हंस वा चेतना बस्छ भन्ने शिक्षा बाइबलको आधारमा होइन। यो बाइबलभन्दा बाहिरको धर्म र दर्शनको धारणा हो।

यदि हामीले मानवताको सही स्वभावलाई बुझ्न सक्यौं भने शरीरबिना आत्मा वा हंस घुमिरहन्छ भन्ने आधारमा रचिएको विभिन्न गलत धारणाहरूबाट हामी सुरक्षित हुन सक्छौं।

मानिसको व्यक्तिगत शरीरबाट अलग भएर उसको कुनै चेतनाको अस्तित्व हुँदैन। परमप्रभुले हामीलाई भयानक र अचम्म तरिकाले सृष्टि गर्नुभएको थियो। मानिसको प्राण, हंस र आत्माको बारेमा बाइबलले नसिकाएको वा अपार शिक्षालाई अनेकौं अनुमान वा अड्कल गरेर छोप्न खोज्नुहुन्न। मानिसको जीवनको स्वभाव आफै रहस्यमय छ (कुनै पनि वैज्ञानिकहरूले जीवित हुनु भनेको के हो भन्ने चित्तबुझ्दो भाषामा व्याख्या गर्न सक्दैन। त्यसको फलस्वरूप यस मामिलामा तिनीहरू बाझिएको हुन्छ) भने मानिसको चेतनाको स्वभाव अझ धेरै रहस्यमय छ। हाम्रो एक किलो आधा भन्दा कम वजन भएको टाउकोमा मगजमा छ जसमा कोशिका र रासयनीक तत्वहरू छन्। अपदार्थ वा अभौतिक तत्वले भावना, सोच, विचारलाई थाम्न र

सृजना गर्न सक्छ र? जो मानिसहरूले ती विषयको अध्ययन गर्छन् तिनीहरूले यो स्वीकार गर्छन् कि त्यसको जवाफ हामीसँग छैन।

**जीवन कस्तो आश्चर्य चकित छ! जीवनको उपहारमात्र होइन अनन्त जीवनको उपहारप्रति हामी किन खुशी र आनन्दित नहुने। अझ हाम्रो जीवनभन्दा अनन्त जीवनको उपहार त झन उदेकिलो र चमत्कारीय छ।**

## २. जुन प्राणीले पाप गर्छ त्यो प्राणी मर्नेछ

**मानिसको आत्मा वा प्राणको स्वभावको बारेमा देहायका पदहरूले हामीलाई के बुझाउँछ? हेर्नुहोस्, "त्यो प्राण, जसले पाप गर्छ, त्यही मर्छ। छोराले बाबुको दोषको फल भोग्नेछैन, न त बाबुले छोराको दोषको फल भोग्नेछ। धर्मीले आफ्नो धार्मिकताको फल र दुष्टले आफ्नो दुष्टयाइँको फल पाउनेछ।...त्यो प्राण, जसले पाप गर्छ, त्यही मर्छ। छोराले बाबुको दोषको फल भोग्नेछैन, न त बाबुले छोराको दोषको फल भोग्नेछ। धर्मीले आफ्नो धार्मिकताको फल र दुष्टले आफ्नो दुष्टयाइँको फल पाउनेछ।" इजकिएल १८:४,२० र "तिनीहरूसँग नडराओ जसले शरीरलाई मार्छन्, तर आत्मालाई मार्न सक्दैनन्। बरु आत्मा र शरीर दुवैलाई नरकमा नाश गर्न सक्नेसँग डराओ।" मत्ती १०:२८।**

**यस** ससांरमा मानव जीवन कमजोर र क्षणिक छ (यशैया ४०:१-८)। पापको कुनै पनि दाग अनन्तसम्म हुँदैन। "एक जना मानिसद्वारा संसारमा पाप आयो, र पापबाट मृत्यु। यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो।" रोमी ५:१२। पापको स्वाभाविक नतिजा मृत्यु हो। यो मृत्युले यस संसारका सबै प्राणीहरूलाई असर पारिरहेको छ।

यस विषयमा बाइबलको दुई महत्त्वपूर्ण धारणाहरू छन्। दुवै मानव प्राणी र जन्तु जनावरहरू मर्छन्। यस मामिलामा राजा सोलोमनले आफ्नो भनाइ यसरी राख्दछन्, "मानिसको भाग्य पशुको झैं हुन्छ। ती दुवैको एउटै दशाले प्रतीक्षा गरिरहन्छ। एउटा जसरी मर्छ, अर्को पनि त्यसरी नै मर्छ। सबैको एउटै सास हुन्छ। मानिसहरूको पशुभन्दा बढ़ी सुविधा हुँदैन।...सबै एउटै ठाउँमा जान्छन्, किनभने सबै धूलोबाट आएका हुन् र सबै धूलोमा फर्किजान्छन्। २१ मानिसको आत्माचाहिँ उँभोतिर र पशुको तल माटोमा जान्छ भनी कसले जान्दछ र?" उपदेशक ३:२०-२१।

दोस्रो धारणामा मानिसको भौतिक शरीरको मृत्यु भनेको ऊ जीवित आत्मा वा प्राणी हुनुबाट रोक्नु हो वा ऊ अस्तित्व बिहिन हुनु हो। हिब्रू भाषामा नेफेश *nephesh* भनिन्छ। यदि आदम र हव्वाले निशेधित असल र खराबको ज्ञान दिने फल खाएर पाप गर्‍यो भने तिनीहरू मर्नेछन्।

यही चेतावनीलाई परमप्रभु ले इजकिएल १८:२०मा दोहोर्‍याउनुहुन्छ "जुन प्राणीले पाप गर्छ त्यो प्राणी मर्नेछ।" यस कथनमा दुई मूल अर्थ लाग्दछ। हामी सबै मानव जाती पापी भएको कारणले हामी सबै हटाउन नसकिने बुढेसकाल र मृत्युको बशमा छौं (रोमी ३:९-१८,२३)। अर्को अर्थचाहिँ मानिस अमर छ भन्ने लोकप्रिय धारणालाई बाइबलले सरासर काट्दछ। यदि आत्मा वा प्राण अमर छ र मरेपछि अरू कुनै रूपमा छ भन्ने धारणालाई मान्यौं भने हामी मर्दैनौं, मर्छौं त?

त्यसको बिपरित, मानिस मरेपछि ऊ कुनै न कुनै रूपमा पुनर्जन्म हुन्छ, स्वर्ग, अनुमानित पिशाच क्षेत्र र नरकमा जान्छ र ऊ बिना शरीरमा हुन्छ भन्ने विभिन्न दर्शन, वाद र धर्म (कतिपय इसाई धर्मले नै किन नहोस्)को शिक्षामा बाइबल पूर्णरूपमा सहमत छैन। बरू जो येशूमा मर्छन्, येशूको आगमनमा उसको भौतिकरूपमै पुनरुत्थान हुन्छ भनेर बाइबलले ठोकुवा गर्दछ। येशूले जीवनको रोटीको बारेमा प्रवचन दिँदै भन्नुभएको थियो, "पुत्रलाई हेर्ने र उसमाथि विश्वास गर्ने प्रत्येकले अनन्त जीवन प्राप्त गर्नेछ, र म त्यसलाई अन्त्यको दिनमा जीवित पार्नेछु।" यूहन्ना ६:४०।

**येशूको पहिलो आगमन नै दोस्रो आगमनको जमानत किन हो? दोश्रो आगमन नभइकन पहिलो आगमनको औचित्य के छ र? उहाँको दोस्रो आगमन भएन भने हामी के आशाले जिउने?**

## ३. "परमप्रभुमा नै प्राण वा सास फर्किन्छ"

**उत्पत्ति २:७ र उपदेशक १२:१-७मा दिएका पदहरू एक आपसमा बाझिएको देखिन्छ। यद्यपि, ती पदहरूले मानिस मरेपछि उसको अवस्था कस्तो हुन्छ भनेर हामीलाई अझ राम्रोसँग कसरी बुझाउन खोजिएको छ? हेर्नुहोस्, "परमप्रभु परमेश्वरले भूमिको माटोबाट मानिस बनाउनुभयो, र तिनको नाकमा जीवनको सास फुकिदिनुभयो, र मानिस जीवित प्राणी भए।" उत्पत्ति २:७ र" १ दुःखको समय र वृद्धावस्था आउन अघि नै, जब तिमीले भन्नेछौ, "यस समयमा मेरो मन लाग्दैन," ती समयभन्दा अघि नै आफ्नो युवावस्थामा आफ्ना**

सृष्टिकर्ताको सम्झना गर– २ सूर्य र दिनको उज्यालोलाई अँध्यारोले ढाक्न अघि नै, चन्द्रमा र ताराहरू धमिला हुन र बादलहरू वर्षापछि फर्कन अघि नै, ३ जब घरको हेरचाह गर्नेहरू काम्दछन् र बलिया मानिसहरू झुक्छन्, जब जाँतो पिँध्ने स्त्रीहरू कम भएकाले आफ्नो काम बन्द गर्छन् र झ्यालबाट हेर्नेहरूका आँखा धमिला हुन्छन्, ४ जब गल्लीतिर जाने ढोकाहरू बन्द हुन्छन् र जाँतोको आवाज कम हुँदैजान्छ, जब चराको चिरबिरे आवाजमा मानिसहरू उठ्छन्, तर तिनीहरूका सबै गीत मधुरा हुन्छन्, ५ जब मानिसहरू अग्लो ठाउँदेखि र गल्लीका खतरादेखि डरले भरिएका हुन्छन्, जब हाँड़ि-बदामको बोट सेतै फुलेर फक्रन्छ, र फटेङ्ग्रो पेटले घस्रँदैहिँड्छ, र मनको कामना उत्तेजित रहँदैन– यी सबै हुनुभन्दा अघि नै उहाँको सम्झना गर। तब मानिस आफ्नो अनन्तको घरमा जानेछ, र मलामीहरू गल्लीमा यताउता लाग्नेछन्। ६ चाँदीको तार चुँड़िन अघि र सुनको कचौरा फुटाइन अघि, माटोको गाग्री पँधेरोमा टुक्रा-टुक्रा पारिन अघि र कूवामा पाङ्ग्रो भचाइन अघि, ७ जमिनबाट आएको धूलो जमिनमै फर्कन अघि, तथा आत्मा दिनुहुने परमेश्वरकहाँ आत्मा जान अघि उहाँको नै सम्झना गर।" उपदेशक १२:१-७। अब यी पदहरू पनि पढ्नुहोस्, " २१ पृथ्वीमा चलहल गर्ने सबै जीवित जीवात– के पन्क्षी , के पालिने पशु, के वन-पशु, के भूइँमा घस्रने सबै प्राणीहरू– तथा सबै मानिसहरू मरे। २२ ओबानो भूमिमा भएका सास हुने सबै प्राणी मरे।" उत्पत्ति ७:२१-२२।

मानव जाति जीवित प्राणी वा आत्मा हो भनेर उत्पत्ति २:७मा हामीले हेऱ्यौं। जब शरीर मर्छ तब त्यो आत्मा वा प्राणको अस्तित्व रहँदैन (इजकिएल १८:४,२०)।

तर कतिपयले सिकाएका "आत्मा", "हंस", "चेतना" वा "प्राण" के हुन्छ त? के मानिसको शरीर मरेपछि पनि त्यो बाँचिरहन्दै र वा कुनै न कुनै हंस वा चेतनाको रूपमा तैरिएर बस्दैन र वा अरू कुनै पुनर्जन्म धारण गर्दैन र? धेरै इसाईहरूले उपदेशक १२:७को कथनलाई उतारेर मानिस मर्ने वित्तिकै उसको हंस स्वर्ग  वा नरकमा जान्छ भनेर सिकाउँदछन् र विश्वार गर्छन्। त्यसमा लेखिएको छ "जमिनबाट आएको धूलो जमिनमै फर्कन अघि, तथा आत्मा दिनुहुने परमेश्वरकहाँ आत्मा जान अघि उहाँको नै सम्झना गर।" तर परमप्रभुको सामु मरेको मानिसको आत्मा वा प्राण चेतनशील वा सचेतमै रहन्छ भनेर त्यस पदले दिएको आभास् पाउँदैनौं।

उपदेशक १२:१-७मा बृद्धा अवस्थाको प्रक्रियालाई बढो नाटकिय पाराले प्रस्तुत गर्दछ। बुढो हुँदै मर्दछ भन्ने लेखकको राय छ। मृत्यु भनेको उत्पत्ति २:७ अनुसार सृष्टिको बिपरित दिशामा जानु हो। उपदेशक १२:७ले पनि यही कुरालाई सम्बोधन गर्दछ। सृष्टिको छैथौं दिनमा यो उल्लेख गरिएको छ, "परमप्रभु परमेश्वरले भूमिको माटोबाट मानिस बनाउनुभयो, र तिनको नाकमा जीवनको सास फुकिदिनुभयो, र मानिस जीवित प्राणी भए।" अब उपदेशक १२:७ले हामीलाई बताउँछ, "जमिनबाट आएको धूलो जमिनमै फर्कन्छ, र आत्मा दिनुहुने परमेश्वरकहाँ आत्मा जान्छ।" त्यसकारण, आदमको नाकमा फुकिदिनुभएको जीवनको सास परमप्रभुमा फर्किन्छ भन्नुको अर्थ मानिसमा त्यो सासको प्रवाह रोकिन्छ भन्न खोजेको हामीले बुझ्नुपर्दछ।

उपदेशक १२:७मा सबै मानिसहरूको मर्ने प्रक्रियालाई लेखिएको छ। यसमा धर्मी र दुष्टको बारेमा छुट्याइएको छैन। यदि मानिसले सिकाएको अनुसार आत्मा वा चेतना परमप्रभुको सामु हुन्छ भने के दुष्ट मानिस पनि उहाँको सामु रहिरन्छ त? यो धारणा बाइबलले सिकाएको समुच्च धारणासँग मिल्दैन। किनभने जुन मृत्युको प्रक्रिया हुन्छ त्यो मानिसमामात्र होइन पशुहरूमा पनि लागु हुन्छ (उपदेशक ३:१९,२०)। त्यसकारण हामी यो ठोकुवा गरेर भन्न सक्छौं कि मृत्युमा सबै जीवित प्राणीहरू जीवित हुँदैन। भजनका लेखकले यसरी व्यक्त गर्दछन्, "तपाईले आफ्नो मुहार छोप्नुहुँदा तिनीहरू भयभीत हुन्छन्। तपाईले तिनीहरूको सास लिनुहुँदा, ती मरिहाल्छन्, र फेरि धूलोमा नै फर्कन्छन्।" भजनसंग्रह १०४:२९।

**कतिपय समयमा हामी भन्छौं मृत्यु जीवनको एक भाग हो। यो धारणा किन गलत छ? मृत्यु भनेको जीवनको विपरित हो, वा जीवनको शत्रु। तब हामीलाई यो पदमा दिएको महान् आशा के छ? "सबैभन्दा पछि नष्ट पारिने शत्रु मृत्यु हो।" १ कोरिन्थी १५:२६।**

## ४. "मुर्दालाई केही थाहा हुँदैन"

**वास्तविकरूपमा मानिस मरेपछि उसको अवस्था के हुन्छ भनेर बाइबलले हामीलाई के बताउँछ? हेर्नुहोस् देहायका केही पदहरू: “म जन्मने वित्तिकै किन खतम भइनँ? गर्भबाट निस्कनासाथ म किन मरिनँ? मलाई ग्रहण गर्नलाई काख र मेरो स्याहार गर्न स्तनहरू किन थिए?” त्यसो हुँदो हो ता म शान्तिसित शून्य चिहानमा पड़िरहनेथिएँ, म मृत्युको निद्रामा सुतिरहनेथिएँ, र**

विश्राममा हुनेथिएँ।"अय्यूब ३:११-१३; "मरेकाहरूले परमप्रभुको प्रशंसागर्दैनन्, मृत-लोकमा (वा चिहानमा) जानेहरूले उहाँको प्रशंसा गर्दैनन्।" भजनसंग्रह ११५:१७; "ए मेरो प्राण, परमप्रभुको प्रशंसा गर! २ म जीवनभरि परमप्रभुको प्रशंसा गर्नेछु,

म जीवित रहुञ्जेल मेरा परमेश्वरको स्तुति गाइ नै बस्नेछु। आफ्नो भरोसा संसारका शासकहरूमाथि नराख, मरणशील मानिसमाथि, जसले बचाउन सक्दैनन्।

जब तिनीहरूको आत्मा निस्कन्छ, तिनीहरू माटोमा मिलिहाल्छन्। त्यही दिन तिनीहरूका योजनाहरू पनि नष्ट हुन्छन्।" भजनसंग्रह १४६:१-४ र " सूर्यमुनि हुने प्रत्येक काममा दुष्टता छ। सबैलाई एकै अन्त्य आइपर्छ। मानिसहरूका हृदय दुष्टताले भरिएका हुन्छन्, र तिनीहरूका जीवनकालभरि नै तिनीहरूका हृदय पागलपनाले भरिन्छन्, अनि त्यसपछि तिनीहरू मरेकाहरूसँग मिल्नजान्छन्। बाँचिरहनेहरूका साथमा हुनेसँग आशा हुन्छ। जिउँदो कुकुरको स्थिति मरेको सिंहको भन्दा असल हो। ५ किनभने हामीहरू मर्नेछौं भनी जीवितहरूले जान्दछन्, तर मरेकाहरूले त केही पनि जान्दैनन्। तिनीहरूका निम्ति केही प्रतिफल हुँदैन। तिनीहरूको सम्झना पनि लोप हुन्छ। तिनीहरूका प्रेम, घृणा, ईर्ष्या सबै लोप भएका हुन्छन्। सूर्यमुनि गरिएको कुनै काममा तिनीहरूको फेरि कहिल्यै भाग हुँदैन।... तिम्रो हातमा जे काम छ त्यो आफ्नो पूरा शक्तिले गर, किनभने चिहानमा, जहाँ तिमी जान्छौ, त्यहाँ न त केही गर्ने, न योजना गर्ने, न ज्ञान, न बुद्धि नै हुन्छ।" उपदेशक ९:३-६, १०।

कतिपय मानिसहरूले माथि व्यक्त गरेका भावनाहरू भावुक भएर कविताको शैलीमा रचिएका हुन् भनेर तर्क गर्छन्। तिनीहरूलाई नै ठोकुवा गरेर मानिसको मृत्युपछि हुने उसको अवस्थालाई व्याख्या गर्नु हुन्न भनेर तिनीहरू जिकिर गर्छन्। यो सत्य हो कि कवितामा कहिलेकाहीँ दोहोरो अर्थ लाग्न सक्छ र सजिलैसँग गलत अर्थ पनि लाग्न सक्छ। तर ती पदहरूको मामिलामा त्यो कदापी होइन। त्यहाँ लेखिएको भाषको शैली स्पष्ट छ। तिनीहरूमा व्यक्त गरेका मृत्युको बारेमा धारणाहरू समुच्चरूपमा पुरानो करारले सिकाए बमोजिम पूरै तालमेल छ।

प्रथम, अय्यूब ३मा अग्रज अय्यूबले महादुःख र भयाभव संकटको सामना गर्नुपर्दा आफ्नो जन्मप्रति खेद, पश्चाताप र बिलौना प्रकट गर्दछ। (अत्यन्तै भिषण वा आततायी क्षणमा आफू नजन्मेको भएपनि हुन्थ्यो भनेर

कसले व्यक्त गर्दैन होला?) यदि जन्मको बेलामा आफू मरेको भए आफू सुतिरहने थियो र विश्राम पाउने थियो (अय्यूब ३:११,१३) महसुस गर्दछन्।

भजन ११५मा मुर्दाहरू कहाँ चुपचाप राखिन्छ वा चिहानमा राखिन्छ भनेर वर्णन गरिएकोछ किनभने "मरेकाहरूले परमप्रभुको स्तुति र प्रशंसा नै गर्दैन" (भजन ११५:१७)। मरेका परमप्रभुका विश्वासी जनहरू पनि उहाँप्रति आभारित भएर स्वर्गमा उहाँको आराधना गरिरहेकाछन् भन्ने आभास् पतक्कै दिँदैन।

भजन १४६को अनुसार जब मानिस मर्दछ तब उसको सोचबिचार, चेतना वा मानसिक क्रियाकलापहरू नष्ट हुन्छन् भनेर उल्लेख गरिएको छः "तिनीहरू मर्दा वा तिनीहरूको प्राण निस्केपछि तिनीहरू धुलोमा फर्किजान्छन्, त्यस दिन तिनीहरूका सबै युक्तिहरूको अन्त हुन्छ।" भजनसंग्रह १४६:४। मानिस मरेपछि उसको अवस्था के हुन्छ भन्ने बाइबलको सबुद प्रमाण यस पदमा दिएकोछ।

अनि उपदेशक ९मा यी थप्दछन्, "मुर्दा वा मरेकाहरूलाई केही पनि थाहा हुँदैन" र चिहानमा "उसका सबै युक्तिहरू, योजनाहरू, चाहनाहरू, ज्ञान र बुद्धि" नाश हुन जान्छ। मरेका मानिसहरू अचेत अवस्थामा हुन्छ, उसका आत्मा वा हंसको केही अस्तित्व छैन भनेर बाइबलका ती शिक्षाले पुष्टि गर्छन्।

मृत्युमा मानिस अचेत हुन्छ भन्ने बाइबलले सिकाएको शिक्षाले धारणाले कुनै पनि इसाईहरू भयभीत हुनु आवश्यक छैन। पहिला त, मानिस मरेपछि दुष्टहरू वा मुक्ति नपाएकाहरू नर्कको आगोमा भतभति जलेर अनन्तसम्म कष्ट पाइरहेका छन् वा पिचास क्षेत्र वा शुद्धिकरणकरण थलोमा पर्खिरहेका हुन्छन् भन्ने कतिपय धर्म चाहे ईसाइ धर्म विशेष गरेर रोमन क्याथोलिक चर्चले सिकाएको अनुसार बाइबल सहमत नभएको ती पदहरूले देखाउँछन् (यस्ता आततायी धारणाले परमप्रभुको स्वभावको चित्रण हिटलर भन्दा क्रुर र निष्ठुर भएको देखाउँदछ-अनुवादक)। दोस्रोमा, ख्रीष्टमा मरेकाहरूको निम्ति अचम्मको इनाम पर्खिरहेको हुन्छ। त्यसैकारण, विश्वासीहरूको निम्ति मृत्यु केही नभएर सानो कुरोमात्र हो।..."तिमीहरूको सच्चा जीवन त ख्रीष्ट नै हुनुहुन्छ अनि उहाँ देखापर्दा तिमीहरू पनि उहाँसँगसँगै देखापर्नेछौ अनि उहाँकै सम्मान्को सहभागी हुनेछौ।" कलस्सी ३:४; यूहन्ना ८:५१,५२।"-*द डिजाएर अभ एजेज्*, पृ. ७८७बाट रूपान्तरित।

**ख्रीष्टमा मर्नु भनेको के हो सो सोच्नुहोस्। मृत्युमा तिनीहरूका आँखाहरू चिम्लिन्छन्, तिनीहरू चाहे हजारौं वर्षसम्म वा ५ महिना वा एक घन्टासम्म किन नमरुन् तिनीहरूको निम्ति समय एउटै हुनेछ। आँखाको झिमिक्कमा येशू आउनुभएको तिनीहरूले देख्नेछन्। त्यसकारण, यस परिवेशमा मरेकाहरू अहिले नै हामीभन्दा असल ठाउँमा वा स्वर्गमा रमझम गरिरहेका छन् भनेर तर्क के तर्कयुक्त छ त?**

## ५. पूर्खाहरूसँग विश्राम

**मृत्युको बारेमा तपाईंलाई भएको ज्ञानलाई देहायका पदहरूले कसरी थप्दछन्? हेर्नुहोस्, "पूरा उमेर पुगेर १७५ वर्षका हुँदा अब्राहाम मरे। उत्पत्ति २५:७-८; "जब तिमी (दाउद) मरेर तिम्रा पुर्खाहरूसित गाडिनेछौ, तिम्रो एउटा छोरालाई राजा बनाउनेछु र त्यसको राज्यलाई शक्तिशाली बनाउनेछु।" २ शमूएल ७:१२; "दाऊद मरे र दाऊदको सहरमा गाडिए।" १ राजाहरू २:१०; र "आहाब राजा मरे। उनको लाश सामरियामा लगेर गाडियो।" १ राजाहरू २२:३७।**

मृत्यु र गाडिने मामिलामा पुरानो करारले विभिन्न धारणाहरू व्यक्त गर्दछन्। एउटा त मरेपछि आफ्नै मानिसहरूकहाँ जम्मा हुन्छन् भनेर उल्लेख गरिएको छ। अब्राहमको बारेमा हामीलाई यो भनिएको छ, "असल बुढेसकालमा अब्राहमले आफ्नो अन्तिम सास फेरे र मरे। उनी वृद्धभएर पूरा वर्षहरूसम्म बाँचेका थिए, अनि उनी आफ्ना जनहरूसँग जम्मा भए" (उत्पत्ति २५:८ नेपाली बाइबलमा "केवल **पूरा उमेर पुगेर १७५ वर्षका हुँदा अब्राहाम मरे" भनेर** उल्लेख गरिएको छ। अरू अङ्ग्रेजी बाइबलहरूमा त्यस पदमा उनको उमेर तोकिएको छैन-अनुवादक)। हारुन र मोशा पनि तिनीहरूको जनहरू वा पूर्खाहरूसँग जम्मा भए भनेर व्यवस्था ३२:५०मा उल्लेख गरिएको छ।

**चाहे असल होस् वा खराब होस्, राजाहरू मर्दा त्यही ठाउँमा वा पूर्खाहरूको ठाउँमा वा चिहानमा गाडिए भन्ने तथ्यले मृत्य स्वभावको बारेमा हामीलाई के सिकाउँछ? (२ राजा २४:६, २ इतिहास ३२:३३मा राजा यहोवाकिम र हिजकिया मरे वा चिहानमा गाडिए)।**

**(नेपाली बाइबलमा नेपाली संस्कार झल्काउने ती मरेका व्यक्तिहरू "आफ्ना पितृहरूकहाँ गए" भनेको छ तर किङ्ग जेम्स सहित अरू अङ्ग्रेजीहरूमा आफ्ना पूर्खा जनहरूसँग मिल्न गए अर्थात् गाडिए भनेको छ-अनुवादक)।**

मृत्युको बारेमा अर्को बोलिमा व्याख्या गर्नुपर्दा मानिस पूर्खाहरूसँग विश्राम लियो भन्ने जनाउँछ। राजा दाउदको मृत्युको बारेमा "आफ्ना पुर्खाहरूसँग विश्राम लिए र दाउदको सहरमा गाडिए" भनेको छ (१ राजा २:१० यसमा पनि पूर्खाहरू नभनि पित्रीहरू भनिएको छ-अनुवादक)। चाहे असल र विश्वासिलो इस्राएलीराजाहरू होस् वा नराम्रो दुष्ट राजाहरू होस् तिनीहरू मर्दा कहाँ गए वा गाडिए भनेर व्यक्त गरेको कथन एउटै छ।

पूर्खाहरूसँग विश्राम लिए (जुन नेपाली बाइबलमा अन्यथा छ-अनुवादक) भन्ने कथनमा तीन अर्थपूर्ण पक्षहरूलाई हामी पहिल्याउन सक्छौं। एउटा त, ढिलो होस् वा चाँडो होस् हामी सबै जना हाम्रा परिश्रम र दुःखकष्टहरूबाट विश्राम लिनु आवश्यक छ। अर्कोमा नचाहाँदा नचाहैंदामा पनि मर्नुपर्ने वाध्यता केवल हामीमात्र होइन, हामी भन्दा अघिका मानिसहरू वा पूर्खाहरूले पनि त्यही बाटो अङ्गाल्न वाध्य भएका थिए। तेस्रो धारणाचाहिँ पूर्खाहरूसँग गाडिन्दा मृत्युको अचेत अवस्थामा पनि हामी एक्लो छैनौं बरू सँगै छौं भनेर बुझाउँछ। यो तर्क कतिपय धर्मले र मलाई कोही चाहिँदैन भन्ने व्यक्तित्ववादसँग मेल नखाल्ला। तर पौराणिक समया पूर्खाहरू गाडिएकै ठाँउमा गाडिनु अर्थपूर्ण थियो।

ख्रीष्टमा मर्नेहरू चिहानमा आफ्ना प्रियजनहरूको नजिक गाडिएको भएतापनि तिनीहरूको बीचमा कुनै आपसी सम्पर्क हुँदैन। तिनीहरू अचेत अवस्थामै सुतिरहेका हुन्छन्। जब येशूको दोस्रो आगमन हुन्छ तब स्वर्गदूतहरूका तुरहीहरूका आवाजले तिनीहरूलाई गहिरो निन्द्राबाट जगाउनेछन् र आफ्ना प्रियजनहरूसँग सामेल हुनेछन्। (न गाडिने तर जलाउने, हवाई जहाज दुर्घट्ना भएर मर्ने वा डुबेर बेपत्ता भएका मानिसहरूको बारेमा के भन्ने? माटोको मानिस माटैमा जानेछ भन्ने परमप्रभुको कथन अनुसार मरेको मानिस गाडिएतापनि कालान्तरमा माटो नै हुनेछ। त्यसकारण जुनसुकै हिसाबले मानिस मरेपनि वा तिनीहरूको अन्त्यष्टि गरेपनि बाइबलको वचन अनुसार पृथ्वीको धुलोमा मिसिने हो। चाहे जलाएर खरानी होस् वा गाडिएर माटो होस्, परमप्रभुले आफ्नो लेखा अनुसार उहाँमा मरेकाहरूलाई पृथ्वी वा समुद्रबाट बोलाउनुहुनेछ र उहाँको साथमा लगिनेछ-अनुवादकको व्यक्तिगत मन्तव्य)।

**यो कल्पनामा गर्नुहोस्, मरेकाहरू कुनै न कुनै किसिमले स्वर्ग र जहाँ भएतापनि चेतनाको अवस्थामा छ र विशेष गरेर आफ्ना प्रियजनहरू यस संसारमा दुःखकष्ट र पीडा भोगिरहेकाछन् र मरेपछि नर्कको आगोमा भतभति पोलिरहेकाछन् भनेर ती स्वर्गमा भएका मानिसहरूले देखिरहेकाछन् रे! के तिनीहरूको लागि त्यो स्वर्ग स्वर्ग होला त? मरेकाहरू सुतिरहेकाछन् भन्ने बाइबलले सिकाएको सत्य धारणा हामी बाँचिरहेकाहरूको निम्ति किन सान्त्वनामय छ?**

**उपसंहारः**

**थप जानकारीः दिदीमाँ एलेनः *द ग्रेट कन्त्रोभर्सी* पृ. ५३१-५५०को "द फर्स्ट डिसेप्शन।"**

यदि तपाईंलाई शल्यक्रिया गर्न अचेत पार्ने औषधी वा सामान्य अनेस्थेसियाले तपाईंलाई अचेत पारियो तपाईं मर्नु भनेको के हो सो अलिकति आभास् पाउनुहुनेछ। तर त्यसबेलामा पनि तपाईंको दिमागले काम गरिरहेको हुन्छ। तर मरेको मानिस कस्तो होला जसको सबै गिदीले काम गर्छ छोड्छ। त्यो तिनीहरू मरेको हो। तिनीहरूले आँखा चिम्लिन्छन्। तब जब येशूको दोस्रो आगमन हुन्छ तब मुक्ति पाएकाहरू उहाँसँग जान ब्युँझिन्छन् वा एक हजारवर्षपछि दुष्ट भएकाहरू सदाको निम्ति नाश हुनेछन्। त्यसबेलासम्म धर्मी होस् वा दुष्टहरू होस् सबै जना सुति रहेका हुन्छन्। हामी जीवित हुनेहरूको निम्ति मृत्यु त धेरै समय जस्तो लाग्छ। तर जब येशू आउनुहुन्छ तब मरेकाहरू व्युँझिन्दा तिनीहरूको निम्ति मृत्यु केवल क्षणिकमात्र भएको अनुभव गरिनेछ।

"यदि मर्ने बित्तिक्कै सिधै हामी स्वर्ग जान्छौं भने जीउनुभन्दा मर्नु नै बेस भनेर हामी चिताउन सक्छौं। हुन त यस विश्वासले गर्दा कतिपय मानिसहरू आत्महत्या गरेर भएपनि मर्दछन् पनि। जब अनेकौं दुःखकष्ट, तकलिफ, अन्यौलता, निराश आदिले मानिसलाई छोप्दछ, तब यस जीवनको चुँडिने धागोलाई आफैलाई चुँडाल्छ र सिधै स्वर्गको आनन्दमा पस्नेछ भनेर उसले सोच्दछ।"-*द ग्रेट कन्त्रोभर्सी,* पृ. ५३९बाट रूपान्तरित।

"धर्मीहरू मरेपछि तुरन्तै स्वर्गमा इनाम पाउन जान्छन र दुष्टहरू दण्डको निम्ति नर्कमा जान्छन् भन्ने कथन पवित्र बाइबलमा कहीं पनि लेखिएको छैन। अगमवक्ता र अग्रजहरूले त्यस्तो आश्वासन कहीं पनि उल्लेख

गरेका छैनन्। मरेकाहरू न्याय पाउन वा धर्मीहरू स्वर्गमा रहन मर्नेवितिक्कै जान्दैनन् भन्ने शिक्षा **बाइबलले स्पष्टरूपमा सिकाउँदछ।** पुनरुत्थान नहुञ्जेल तिनीहरू सुतिनै रहेका हुन्छन्।" पृ. ५४९,५५९बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. शारीरिक, आत्मिक, मानसिकले सजिएको पूरा जीवित मानिसमा मात्र चेतना वा विवेक हुन्छ भन्ने बाइबलको शिक्षाले मृत्युको स्वभावलाई हामीलाई राम्रोसँग कसरी बुझाउँछ?

आ. मानिस अमर छ वा शरीर मरेपनि आत्मा जीवितै रहन्छ भन्ने कतिपय धार्मिक, दार्शनिक आदिले अनगिन्तियौं तरिकाबाट सिकाइरहेका छन्। त्यस परिप्रेक्ष्यमा हामीमा रहेको मानिस मरेपछि के हुन्छ भन्ने शिक्षा किन निर्णायक छ? बाइबलले अचम्म तरिकाले सिकाएको यस बारे शिक्षा कतिपय इसाईहरूले पनि किन प्रतिवाद गरेको हामी पाउँछौ?

इ. मानिस मरेपछि के हुन्छ भन्ने बाइबलबाट हामीले पाएको शिक्षालाई आत्मसात् गर्न सक्यौं भने हाम्रै अगाडि देखिने मरेका भूत वा प्रेतको चर्तिकलाबाट हामी सुरक्षित हुनसक्छौं। त्यसैकारण हामीले जे देख्छौं, अरूले के भन्छ र अनुभव पनि गरेको भनेर दावी गर्नेहरूलाई हामी विश्वास गर्नुहुन्न भनेर कसरी ठोकुवा गर्ने? तिनीहरूले मरेका आफन्तहरू भूत भएर वा कुनै न कुनै देखापरे वा तिनीहरूलाई बोले भनेर दावी गरेतापनि बाइबलको आधारमा हामी किन पत्याउनुहुन्न?

## कथा ३

## तीन शक्तिशाली तत्वहरू

## क्लिफ्टन ग्लासगो, न्यु जिलान्ड



तीन वटा तत्व वा माध्यमहरूले न्यु जिलान्डको सुसमाचरीय कार्यक्रम द्रुतगतिमा अघि बढिरहेको छ। ती तत्वहरूले गर्दा त्यस देशमा आत्मिक उर्जा शक्तिशाली हुन गइरहेकोछ।त्यसबाट धेरै मानिसहरू चर्चमा समावेश भइरहेकाछन्। ती तत्व वा माध्यमहरू हुन, प्रार्थना, सबै विश्वासी सुसमाचार कार्यक्रममा समावेश र होप च्यानल टिभी प्रसारण।

चर्चका सदस्यहरू हरेक हप्ता पाँच महिनासम्म विहान छ वजे भेला हुन्थे र सुसमाचारीय कार्यक्रमहरूमा पवित्र आत्मा वर्षियोस भनेर प्रार्थना गरेका थिए।

चर्चका सदस्यहरूले साढे चारमहिना भेला भएर विभिन्न कार्यक्रमहरू गरे जसमा तिनीहरूका आफन्त र साथीहरूलाई निम्त्याएकाथिए।

तर सबभन्दा चकित पार्ने तत्व त टेलिभिजनबाट सुसमाचार कार्यक्रम प्रसारण थियो। त्यो होप च्यानलको अग्रसरतमा भएको थियो। सन २०१६मा होप च्यानलले १३रौं साबथको भेटी पाएको थियो।

"चर्चका सदस्यहरूले आफन्त र साथीहरूलाई भेलामा निम्त्याएका थिए तर होप च्यानलले धेरै मानिसहरूलाई तानेको थियो," क्लिफ्टन ग्लासगोले सुनाए। उनी न्यु जिलान्डको सबभन्दा ठूलो सहर ओकलान्डमा भएका १५ सुसमाचारीय प्रचारकहरूको समूहो समन्वयकर्ता थिए। ती सभाहरूले करिब २०० मानिसहरूले बप्तिस्मा लिएका थिए। तिनीहरूमा चारवट कथाहरू यस प्रकारको छ।

### ट्रेसी

ट्रेसी एक्ली आमा थिइन्। उनका पाँच छोराछोरीहरूका आमा थिइन्। उनी लागु पदार्थको दुर्व्यसनसँग संघर्ष गरिरहेकी थिइन्। उनकी आमाले धेरै वर्ष अघि एडभेन्टिस्ट चर्चमा गएकी थिइन्। उनले आफ्नी छोरीलाई होप च्यानल प्रसारण हेर्न सल्लाह दिइन्।

येशूलाई केन्द्रित गरिएको कार्यक्रम जब ट्रेसीले हेर्न थालिन् तब पवित्र आत्माले उनको हृदयमा बोल्न थाल्नुभयो। अनि थोरै समयभित्र उनी र उनकी आमा चर्चमा जान थाले।

ट्रेसी ३० वर्षकी छिन्। उनले बाइबल अध्ययन सुरु गरिन्।सुसमाचारीय कार्यक्रममा सामेल भएपछि उनले लागु पदार्थ खान छोडिन्। उनले अहिले बप्तिस्मा लिइसकेकी छिन् र हाइस्कूलको शिक्षिका बन्न अध्ययन गरिरहेकी छिन्।

"उनी एकदम सकारात्मक छिन्। उनको चेहरामा परमेश्वरको आनन्द तपाईंले देख्नुहुनेछ। जब उनले परमेश्वरको बारेमा बताउँछिन् तब उनी अत्यन्तै खुशी हुन्छिन्। तपाईं ट्रेसीसँग कुरा गर्नुभयो भने परमेश्वरको उपस्थिति त्यहाँ भएको तपाईंले महसुस गर्नुहुनेछ।" क्लिफ्टनले सुनाए।

## ओअन र टीना

ओकलान्डको वाहिक टापुको अवसकास प्राप्त सामुदायी अगुवा ओअन र उनकी श्रीमती टीनाले होप च्यानल र अरू एडभेन्टिस्ट चर्चो स्थानीय टेलिभिजन प्रसारण हेरेपछि एडभेन्टिस्ट सन्देशको बारेमा विश्वस्त हुन पुगेका थिए। तिनीहरूले टेलिभिजन प्रसारणका कार्यक्रमहरू डिभिडीमा राखेर टापुका मानिसहरूलाई वितरण गरे। तिनीहरूले आफ्नो टापुमा चर्चको निम्ति पनि प्रार्थना गरे। चर्चको निम्ति जग्गाहरू पनि हेर्न थाले। परमेश्वरले भवन निर्माण गर्न कसरी सहयोग गर्नुहुन्छ त्यसको पनि अचम्म मान्दै प्रार्थन गर्न थालेका थिए।

जब चर्चका अगुवाहरूले ओकलान्डमा सुसमाचारीय कार्यक्रमहरूको आयोजना गरे, तब ओअनले भेलाको निम्ति सामुदायीक सभागृह मिलाए र अरू आवश्यकताहरूलाई पनि पूरा गर्न उनले सहयोग गरे। बेलुकाको भेलामा ३० जना जम्मा भए। ती मानिसहरू एडभेन्टिस्ट थिएन। ओअन र उनकी श्रीमती टिनाले बप्तिस्मा लिए। वाहिक चर्चको तिनीहरू पहिला सदस्यहरू थिए। तिनीहरू अरूको चर्चमा भेला हुन्थे। पछि गएर त्यस टापुमा र ओकलान्ड सहरमा दुई चर्चहरू त्यस सुसमाचारीय कार्यक्रमद्वारा खडा गरेका थिए।

## हिथ र सिमोन

**हिथ** कराते कलामा निपुण थिए। उनले एक फेरा सैनिक टोलीहरूलाई पनि कराते सिकाएका थिए। उनले आफ्नी श्रीमती सिमोनसँग होप च्यानल हेर्न थाले। उनले होप च्यानलको बारेमा एक जना साथीबाट सुनेका थिए। तिनीहरू निर्मामिण कम्पनीमा सँगसँगै काम गर्दथे।

हिथ र सिमोनले होप च्यानल मन पराए र येशूसँग सम्बन्ध राख्न तिनीहरूले इच्छा देखाए। तिनीहरू साबथको सेवाकार्यमा जान थाले र सुसमाचारीय भेलाहरूमा भाव लिन थाले। तिनीहरू त्यस भेलामा बप्तिस्मा लिए।

## अड्री र डन

डन र अड्री उमेर ढल्केका दम्पत्ति हुन्। तिनीहरूले एक दिन अरू प्रसारणहरू हेर्दै गर्दा होप च्यानल हेर्न पुगे। एडभेन्टिस्ट चर्चले बाइबलको शिक्षाहरूलाई राम्रोसँग सिकाउन थालेकोले तिनीहरू छक्क परे। तिनीहरूको चर्च बाइबलका नीतिहरूबाट अलगिएको तिनीहरूले महसुस गरेका थिए। तिनीहरूले एडभेन्टिस्ट चर्च कस्तो रहेछ भनेर हेर्न थाले।

डन र अड्री स्थानीय एडभेन्टिस्ट चर्चमा सरिक हुन थाले। सुसमाचारीय कार्यक्रममा तिनीहरू चर्चका सदस्यहरू हुन निर्णय गरे। तिनीहरूले उत्साह दिंदा उनको ठूली छोरीहरू जो न्यु जिलान्डको अर्कै ठाउँमा र फ्रान्समा थिए, तिनीहरू पनि एडभेन्टिस्ट चर्चमा जान थाले।

डन ८० वर्षको हुनुहुन्छ। उनले अस्पताल र अरू सार्वजनिक ठाउँहरूमा होप च्यानलको बारेमा पर्चाहरू सक्रियरूपमा बाँड्छन्।

"सुसमाचार प्रचारमा होप च्यानल एक अभिन्न कार्यक्रम भएको छ। यस संसारमा आशालाई खोजिरहेका मानिसहरूलाई येशूको अचम्मको सन्देश सुनाउने थलो होप च्यानल भएको छ," क्लिफ्टनले सुनाउँछन्।

-आन्ड्र्यु मेकचेस्नी